नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १४० २०७७ साल पुस १६ गते बिहीबार (31 Dec. 2020 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : दरिलो आम्दानीको स्रोत.. ३ पृष्ठमा : परिवर्तित अमेरिकी राजनीति, ... ३ पृष्ठमा :अस्ट्राजेनिकाको खोपलाई..

# विद्युत चोरीमा संलग्न ४२ जना कारवाहीमा

## तीन लाख भन्दा बढी राजश्व असुली







**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

नेपाल विद्युत प्राधिकरण राजविराज बितरण केन्द्रले विद्युत चोरीमा संलग्नहरुबाट तीन लाख रुपैया भन्दा बढी राजश्व संकलन गरेको छ ।

लकडाउनदेखी हालसम्मको अवधीमा विद्युत चोरीमा संलग्न ४२ जनालाई कारवाही गरिएको छ भने उनीहरुबाट ३ लाख २ हजार ५ सय ४९ रुँपैया राजश्व असुली भएको बितरण केन्द्रका प्रमुख आमोद यादवले जानकारी दिएका छन् ।

विद्युत चोरी नियन्त्रण अभियानलाई तिब्रता दिदै हुकिङ गरि विद्युत चोरी गरिरहेको अवस्थामा विद्युतीय सामाग्रि पनि ठूलो संख्यामा जफत गरेको छ । प्राधिकरणका कर्मचारी तथा प्रहरीको सहयोगमा गाउँ गाउँमा पुगेर टिभि, फ्रिज, फ्यान, पानी तान्ने मोटर, तार, कटरलगायतका १ सय ४० थान विद्युतीय उपकरण समेत नियन्त्रणमा लिएको छ ।

यस्तै प्राधिकरणका इन्जिनियर बिमल प्रसाद साहले विद्युत चोरीमा संलग्नलाई न्यूनतम ३ हजारदेखी विद्युत खपत गरेको युनिटको आधारमा थप जरिवाना गरिएको बताए ।

उनका अनुसार यस अवधीमा ५० लाख भन्दा बढी वक्यौता पनि उठाइएको छ । यता समयमै महसुल नबुझाउने १ सय ४० जना ग्राहकको लाइन यसअवधीमा काटिएकोमा १ सय २७ जनाबाट ५७ लाख २४ हजार ८ सय ५३ रुँपैया असुली भइसकेको र अन्य बाँकीबाट पनि प्राप्त हुने क्रम जारि रहेको इन्जिनियर साहले जानकारी दिए ।

राजविराज बितरण केन्द्र अन्तरगत कुल ५१ हजार ९ सय ८७ ग्राहक छन् । विद्युत चोरीमा संलग्नहरुलाई धमाधम कारवाही गर्न थालिएपछि विगतको तुलनामा विद्युत हुकिङ गरेर चोरी गर्नेको संख्या अहिले घट्दै गएको तर, पूर्ण नियन्त्रणमा भने हुननसकेको केन्द्रका प्रमुख यादवको भनाई छ ।

# पत्रकारप्रति दुर्व्यहारको

## महासंघद्वारा गम्भिर ध्यानाकर्षण फोटो पत्रकार महासंघद्वारा निन्दा

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

नेपाल पत्रकार महासंघ सप्तरीले पत्रकार माला कर्ण र ध्रुब मण्डललाई प्रहरीले गरेको दर्व्यहारप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघका सभापति जितेन्द्र खड्गाद्वारा जारि विज्ञप्तिमा शान्तिपूर्ण वातावरणमा रिपोटिङ्ग गर्ने माहौलको अनुभूति हुनुपर्नेमा सुरक्षाकर्मीबाटै दुर्व्यवहार भएको कार्यप्रति निन्दा गरिएको छ ।

जारि विज्ञप्तिमा "राजविराजस्थित गजेन्द्र चौकमा महासंघकी केन्द्रीय पार्षद एवम् कल्याणपोष्ट दैनिकका सम्पादक माला कर्ण र सह-सम्पादक ध्रुव कुमार मण्डल चढेको मोटरसाइकललाई मिनी मार्केटतिर जाने क्रममा नेपाल प्रहरीले रोक्दा गाडी साइड लगाएर राख्दै गर्दा 'पत्रकार हो भने के हो ? जान दिँदैनौ, यो बाटो' भन्दै मोटरसाइकलको साँचो खोस्न खोज्दा दिन नमानेपछि अभद्र व्यवहार गर्नु घोर निन्दनीय कार्य भएको हाम्रो ठहर छ ।" भनिएको छ ।

यता पत्रकार मण्डलले प्रहरीलाई सम्झाउन खोज्दा उल्टै दुर्व्यवहार गरेको बुझिएको उल्लेख गर्दै विज्ञप्ति मार्फत यसरी पोशाक तथा सिभिलमा खटिएका प्रहरी टोली मर्यादित रुपमा प्रस्तुत हुनुको साटो अराजक रुपमा प्रस्तुत भएकोले दुर्व्यवहार गर्ने प्रहरीलाई हदैसम्मको कार्वाहीको माग गरिएको छ ।

जारि विज्ञप्तिमा आफ्नो व्यवहार र कार्यशैलीप्रति आत्मआलोचना सहित दोषी प्रहरीलाई कडा कार्वाही गर्न तथा आईन्दा यस्तो अमर्यादित व्यवहार नदोहोर्‍याउन नेपाल पत्रकार महासंघ शाखा सप्तरीले जोडदार माग गरेको छ । पत्रकारहरुको आत्म सम्मानसहित आफ्नो अधिकार र स्वतन्त्रताकालागि

*बाँकी अन्तिम पृष्ठमा*

# १७ वर्षदेखी फरार प्रतिवादी पक्राउ

## विभिन्न अभियोगका तीन जना कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, १५ पुस ।**

विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएका प्रतिवादीलाई पक्राउ गर्न अहिले जिल्ला प्रहरी कार्यालय सप्तरीले अभियान चलाएपछि धमाधम प्रतिवादीहरु पक्राउ पर्न थालेका छन् ।

यसैबीच प्रहरीले विभिन्न अभियोगका तीन जना प्रतिवादीलाई पक्राउ गरि अदालतसमक्ष बुझाएपछि अदालतको आदेशले उनीहरु कारागार चलान भएका छन् ।

सप्तरी प्रहरीले विगत १७ वर्षदेखी रहजनी चोरी मुद्दामा अदालतबाट कैद सजाय पाई फरार रहेका एक प्रतिवादीलाई पनि पक्राउ गरेको छ ।

जिल्लाको कंचनरुप नगरपालिका ५ निवासी ३९ वर्षिय देवकान्त यादव रहजनी मुद्दामा १७ वर्षदेखी फरार रहेकोमा प्रहरीले उनलाई मंगलबार पक्राउ गरेको हो । पक्राउ परेका यादवलाई अदालतले कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्त्रीले जनाएको छ ।

बि.स. २०६० असोज २७ गते उक्त मुद्दामा सुनुवाई गर्दै अदालतले यादवलाई २ महिना २४ दिन कैद सजायको फैसला सुनाएको थियो तर सोही समयदेखी उनी फरार थिए । सो फैसलापछि फरार रहेका यादवलाई आफ्नै घरमा लुकेको अवस्थामा प्रहरीले पक्राउ गरि प्रहरीले अदालतसमक्ष उपस्थित गराएको थियो ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जबरजस्तीकरणी उद्योग मुद्दामा पक्राउ परेका सप्तरीको सुरुङ्गा नगरपालिका ८ बस्ने १८ वर्षिय गुदर राम बुधबार कारागार चलान भएका हुन् ।

अघिल्लो दिन पक्राउ परि सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा ३ लाख धरौटी माग हुँदा तिर्न नसकेका रामलाई बुधबार राजविराज कारागर चलान गरिएको छ ।

यस्तै अपहरण मुद्दाका आरोपी सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी २५ वर्षिय सुरेन्द्र यादव पनि अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान भएका छन् ।



## सम्पादकीय

# यूवाहरुलाई वेवास्ता नगरौं

समग्र मुलकको विकासमा यूवाहरुको अहम भूमिकाप्रति अहिलेको तीनै तहको सरकारले बिर्सेको अवस्था रहेको छ । मुलुक भित्रै रहेका यूवाहरु सही रुपमा परिचालन हुन सकेका कारण विभिन्न विकासीय तथा विभिन्न आन्तरिक कार्यहरु प्रभावित भएको देखिन्छ । उदाहरणको रुपमा खेती गर्ने समयमा कामदारको अभावका कारण भारतबाट कामदारहरु ल्याएर धान तथा गहुँ रोपाई का साथ कटान गर्ने गरिन्छ । यस्तै मुलुकमा रहेका यूवाहरु रोजगार नपाएर विदेशिने गरिएका छन् । बिदेशमा गएर मासिक रुपमा ३० देखी ४० हजार श्रम पाउने ती यूवाहरुलाई आफ्नै मुलुकमा रोजगारीको अवस्था सृजना गर्न सकिए मुलुकको आन्तरिक श्रोत समेत बढ्ने तथा उनीहरुको आम्दानीको श्रोतमा पनि बढोत्तरी हुने देखिन्छ । तर, कुनै तहको सरकारले यूवाहरुप्रति संवेदनशिल रहेको देखिन्न् ।

यस्तो अवस्थामा यूवाहरुलाई प्रोत्साहन तथा रोजगारीको अवस्था सृजना गर्न कम्तिमा स्थानिय सरकारले अग्रसरता देखाउनु आवश्यक छ । कीन भने स्थानिय स्तरमा यूवाहरुका लागि निकै कामहरु रहेको छ । सडक निर्माणदेखी विभिन्न भौतिक योजनाका कार्यहरुले अहिले मुलुकमा गति लिइरहेको अवस्था कामदारहरु बाहिरबाट ल्याएर परिचालन गर्ने अवस्था आएको छ । स्वदेशी यूवा कामदारहरुलाई नै त्यस्ता कामहरुमा लगाउन सकिएमा स्थानिय तहको कामको गुणस्तर तथा त्यसको रेखदेखमा समेत समस्या हुदैन् ।

तसर्थ मुलुकमा देखिएका बेरोजगारी समस्या समाधानका लागि तीनै तहका सरकारले एउटा ठोस नीति बनाएर यूवाहरुलाई नै अग्रसर गराउनुपर्ने ध्यान पुग्नु उत्तिकै आवश्यक छ भने दिर्घकालिन विकास यूवाहरुको भूमिका बिना सम्भव नहुने कुरामा दुइ मत नहोला । यसर्थ यसका लागि सबै निकायको ध्यान पुगोस् ।

# दरिलो आम्दानीको स्रोत 'लेमन टी'

लहान, १५ पुस (रासस) ।

न त ठूलो पूँजी लगाउनु परेको छ न त कुनै पसल नै खोलेर बस्नु परेको छ, तर पनि कैलालीको मोनेल गाउँपालिका-६ घर भई राजविराज नगरपालिकामा बस्दै आउनुभएका ताराप्रसाद जोशीले राम्रो आम्दानी गरीरहनुभएको छ । उहाँको कमाईको स्रोत कुनै जागिर वा अन्य कुनै कठोर परिश्रम नभई घुमफिर कागती चिया (लेमन टी) चिया बेच्ने व्यवसाय हो । सप्तरी सदरमुकाम राजविराज नगर क्षेत्रमा लेमन टी चियावालाका रूपमा परिचित ४८ वर्षीय जोशी राजविराज नगर क्षेत्रको घरघर, चौकचौक र सरकारी कार्यालयमा लेमन टी चिया पु-याएर राम्रो आम्दानी गर्दै आउनुभएको छ । लेमन टी चिया बेचेरै जोशीले ६ जनाको परिवार मात्रै पाल्दै आउनुभएको छैन, आफ्ना चारजना छोराछोरीलाई समेत उच्च शिक्षामा पढाइ रहनुभएको छ ।



उहाँले गरीबी र पारीवारिक कारणले आफूले राम्ररी पढ्न नपाए पनि छोराछोरीलाई राम्रो शिक्षा दिलाएर ठूलो मान्छे बनाउने सोच बनाइसक्नुभएको छ । विगत चार वर्षदेखि नगर क्षेत्रमा घुमफिर लेमन टी चियाको व्यवसायी गर्दै आउनुभएका जोशीले राजविराजमा घरघडेरीसमेत जोड्ने तयारी गर्दै हुनुहुन्छ ।

लेमन टी चिया बेचेर दैनिक एक हजार ५०० देखि रु दुई हजारसम्म कमाई हुँदै आएको उहाँ बताउनुहुन्छ । "दिनमा २०० देखि २५० कपसम्म लेमन टी चिया बिक्री हुँदै आएको छ", जोशी भन्नुहुन्छ, "एक कपको रु १० आउँछ यसरी जोड्दा दैनिक दुई हजारभन्दा बढी कमाई भइहाल्छ ।" स्वास्थ्यका दृष्टिकोणले समेत उपयुक्त मानिने लेमन टी चियाको माग बजारमा अत्यधिक भए पनि एक्लैले चिया पु-याउन भ्याइनभ्याई हुने गरेको उहाँको कथन छ ।

थोरै लगानीबाट शुरु गरेको घुमफिर लेमन टी चिया बेच्ने व्यवसायी गरी परिवार पाल्नाका साथै त्यही कमाईबाट अहिले जेठो छोरालाई सिभिल इन्जिनीयर, कान्छो छोरालाई ओभरसियर र जेठी छोरीलाई स्टाफ नर्स पढाइ रहेको जोशीको भनाइ छ ।

"चिया बेचेर थोरै बचत गरेको राखेको छु", जोशी भन्नुहुन्छ, "अब राजविराजमै घडेरी जोड्ने तयारी गर्दैछौँ ।" परिवारको गरिबी अवस्थाका कारण केही समय भारतको पञ्जाव, हरियानालगायत शहरमा मजदुरी गरेर फर्किनु भएका जोशी अरुको मजदुरी गर्नुभन्दा लेमन टी चियाको व्यवसाय नै ठीक लागेको उहाँको अनुभव छ । "मजदुरी गर्दा थुप्रै समस्या हुन्छ, अरुको अधिनमा बसेर काम गर्नुपर्दा मन खिन्न लाग्थ्यो", उहाँ भन्नुहुन्छ, "अहिले आफ्नो घुमफिरको व्यापार छ, स्वतन्त्र रूपमा जति मिहिनेत गर्छु, त्यो हिसाबले आम्दानी हुन्छ, अहिले ढुक्क छु ।"

गाउँका छिमेकीहरूको सहयोगमा राजविराजमा आएर लेमन टी चिया बनाएर बेच्ने काम शुरु गरेको सम्झिँदै जोसी भन्नुहुन्छ, "आफ्नो घर नजिकैका साथी राजविराज नजिकैको भारतको कुनौलीमा चियाको व्यापार गरिरहनु भएको छ, उहाँकै सहयोगमा म राजविराजमा आएर यही काम शुरु गरे, अहिले आफ्नो व्यवसायी राम्रो भएको छ ।"

'थोरै कमाउ तर देशमै बसेर मिहिनेत गरेर कमाउँ' भन्ने सोच भएर आफू बिदेश नगएर स्वदेशमै कम लगानीमा राम्रो आम्दानी गर्दैछु, यसबाट आफू र आफ्ना परिवारका सदस्यहरू सन्तुष्ट छन्", उहाँको भनाइ छ ।

बिदेशमा गएर कडा मिहिनेत पनि गर्नु र दुःख पनि झेल्नुभन्दा परिवारका सदस्यसँगै बसेर कमाउनुको मज्जा बेग्लै छ, त्यसमा पनि स्वदेशमै बसेर राम्रो आम्दानी हुन थालेपछि किन बिदेश जानु भन्ने उहाँको धारण छ । दूध हालेर बनाउने चियाले स्वास्थ्यमा समस्या सृजना गर्ने भएकाले बजारमा धेरै मानिसको लेमन टी चिया प्रति आकर्षन बढेको छ ।

स्वास्थ्यको दृष्टिकोणले पनि उपयुक्त हुने भएकाले पछिल्लो समय धेरैको आकर्षण लेमन टीप्रति बढेकाले जोशीको घुमफिर चिया व्यापार फस्टाएको स्थानीय व्यापारीको बुझाइ छ । राजविराजका स्थानीय व्यापारी जगत यादव भन्नुहुन्छ, "जोशीले बाबा रामदेवको आयुर्वेदिक मसला हालेर लेमन टी चिया बनाएर बेच्ने गर्नुभएको छ, खान स्वादिष्ट र स्वस्थ्यको दृष्टिकोणले समेत राम्रो हुने भएकाले धेरैले उहाँकै लेमन टी चियालाई मन पाउँछ ।"

पसलपसलमै पुगेर चिया पु-याई दिने र बजारको मूल्यभन्दा कममा चिया दिने गरेकाले पनि जोशीको चियाको माग बढेको यादवको भनाइ छ । केही वर्षयता विदेश जाने युवाको लर्को नै लग्ने गरेका बेला उहाँले स्वदेशमै बसेर कम लगानी राम्रो आम्दानी गर्न सकिन्छ भने उदाहरणसमेत प्रस्तुत गर्नुभएको छ । बढी पैसा कमाउने लोभमा विदेश पलायन हुने युवाले जोशीबाट पाठ सिकेर स्वदेशमै कमाउने बाटो खोज्नु जरुरी रहेको नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली बताउनुहुन्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# परिवर्तित अमेरिकी राजनीति, चीन-अमेरिका व्यापार विवाद समाधानको उपयुक्त समय

काठमाडौं, १५ पुस (रासस)।

सन् २०२० मा विश्वका दुई शक्तिशाली अर्थतन्त्र अमेरिका र चीनबीचको सम्बन्ध र विगत समीक्षा गर्दा यो वर्ष विश्व अर्थतन्त्रका लागि आशावादी बन्न सकेन। यसमा अमेरिका-चीन व्यापार विवाद र कोभिड-१९ को विश्वव्यापी महामारी मुख्यतया जिम्मेवार रहे। यी दुई मुलुकबीचको सम्बन्ध अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कार्यकालमा व्यापार विवादका कारण थप तिक्ततापूर्ण बनेको देख्न सकिन्छ।

यो वर्ष विश्व नै महामारीका कारण गन्तव्यहीन बन्न पुग्यो। करिब आधा वर्ष अत्यन्तै निराशा पैदा गरेको कोभिड-१९ विरुद्धको लडाई केही विश्वविद्यालयको सहकार्यमा विश्वका औषधि कम्पनीहरूले विकास गरेका खोपको अध्ययन, अनुसन्धान र प्रयोगले सफलतातर्फ अघि बढेको देखिन्छ।

दुई देशको सम्बन्ध अहिलेसम्म पनि सुधारउन्मुख देखिएको छैन। यद्यपि अमेरिकी राजनीतिमा आएको परिवर्तन (राष्ट्रपतिमा जो बाइडेनको आवागमन)पछि विश्वका प्रमुख दुई अर्थतन्त्रबीचको विवादले सही दिशा लिनेमा विश्व समुदाय आशावादी बनेको छ।

गत वर्ष (सन् २०१९) को डिसेम्बरमा चीनको वुहानमा पहिलो पटक पत्ता लागेको कोरोनाभाइरसको जिवाणुले विश्वलाई चरम निराश बनाइरहेका समय विश्वकै शक्तिशाली भनिएको अमेरिका भने आफ्नै राजनीतिमा लुटुपुटु हुनुबाहेक खासै आशावादी क्रियाकलापमा अग्रसर नबन्दा विश्व समुदायले अमेरिकालाई हेर्ने आँखा फेरिएको छ।

चीन र अमेरिका आन्तरिक विवादमा फस्दा विश्व अर्थतन्त्रमा नकारात्मक प्रभाव त परिरहेकै थियो यसमा पनि कोभिड-१९ को उत्पत्तिलाई लिएर अमेरिकी ट्रम्प प्रशासन र चीनबीचको विवाद बाँकी विश्वका लागि अपेक्षा गरिएको विषय पक्कै थिएन। कोभिड-१९ का कारण विश्वव्यापी परेको असरले विश्वको अर्थतन्त्रलाई धराशायी नै बनायो। तर वर्षको अन्त्यमा आइपुग्दासम्म खोप विकासमा देखिएको सफलताले सकारात्मक परिवर्तनको आशा निर्माण गरेको छ।

सन् २०२० महामारीविरोधी लडाईमा चीनले देखाएको अग्रसरता विश्वका लागि प्रशंसनीय रह्यो। अमेरिकामा कोभिड-१९ को महामारी र राष्ट्रपतीय निर्वाचनले गर्दा उसको ध्यान बाँकी विश्वमा नपुगेको भन्ने भनाइ पनि चर्चामा आए। यसैबीच अमेरिका चीन व्यापार विवादका कारण अमेरिकाले चिनियाँ ठूला प्रविधि कम्पनीमा घोषित तथा अघोषित प्रतिबन्ध लगायो। चीनले पनि बदलामा अमेरिकी सामानको आयातलाई निरुत्साहित गऱ्यो। व्यापार विवाद तन्किँदै जाँदा कुटनीतिक सम्बन्ध स्थापनापछि दुई मुलुकबीचको सम्बन्ध अत्यन्तै निम्न बिन्दुमा पुग्यो।

अमेरिकी निर्वाचनपछि नेतृत्व फेरिएसँगै दुई प्रमुख अर्थतन्त्र र सम्पूर्ण विश्वको फाइदाका लागि दुई मुलुकको कुटनीतिक सम्बन्धको विशाल जहाजलाई सही मार्ग दिने समय आएको छ। यसले सम्बन्धलाई बिना अवरोध अघि बढ्न प्रेरित गर्नेछ।

विश्वव्यापी समुदायका लागि नयाँ तथा अकल्पनीय जोखिम र चुनौती रहेका छन्। विश्वका दुई ठूला देशको रूपमा चीन र संयुक्त राज्य अमेरिकाले कठिनाइ पार गर्न, चुनौतीको सामना गर्न र विकासको लागि यी मुलुकले बाँकी विश्वसँग सहकार्य गर्नु आवश्यक छ।

कोभिड-१९ को महामारीलाई पराजित गर्न अन्तरराष्ट्रिय समुदायको संयुक्त प्रयास आवश्यक रहनेछ। संयुक्त राज्य अमेरिका र चीनजस्ता बलियो क्षमता भएका देशले अझ बढी जिम्मेवारी वहन गर्नुपर्छ र उदाहरणीय नेतृत्व लिनुपर्छ।

अधिकांश कोभिड-१९ बाट सङ्क्रमित र मृत्युका घटनासाथ विश्वको अग्रणी संयुक्त राज्य अमेरिका अझै पनि महामारीको निरन्तर पुनरुत्थानको साथ झेलिरहेको छ। जबकि कोभिडबारे पहिलो खतराको ध्वनि बजाउने देश चीनले घरेलु हिसाबले भाइरसको फैलावटलाई नियन्त्रणमा लिन भाइरससँग सम्बन्धित पर्याप्त क्लिनिकल अनुभव प्राप्त गरेको छ।

उपचार, खोप र महत्वपूर्ण चिकित्सा उपकरणको आपूर्तिजस्ता क्षेत्रमा सहयोग गरेर चीन र संयुक्त राज्य अमेरिकाले अन्तरराष्ट्रिय समुदायको जिम्मेवार सदस्यको रूपमा महामारीविरूद्धको विश्वव्यापी लडाईमा बढी योगदान गर्न सम्भव छ।

यसका साथै विश्वव्यापी अर्थतन्त्र महामारीको बीचमा स्थिर हुँदै गएको कारण विश्वका दुई ठूला अर्थतन्त्रले उनीहरूको आर्थिक र व्यापारिकसम्बन्ध स्थायी बनाउन् र सकेसम्म छिट्टै विश्वव्यापी अर्थतन्त्रलाई फेरि प्रगतिको बाटोमा ल्याउन मद्दत गर्न आवश्यक छ।

अक्टोबरमा जारी गरिएको पछिल्लो विश्व आर्थिक रिपोर्टमा अन्तरराष्ट्रिय मुद्रा कोषले सन् २०२० मा विश्वव्यापी अर्थतन्त्र ४.४ प्रतिशतले सङ्कुचित हुने पक्षेपण गरेको थियो साथै विश्व आर्थिक सङ्कटबाट बाहिरिने बाटो लामो, असहज र अत्यधिक अनिश्चित हुने चेतावनी दिएको छ।

सन् २०२० मा सकारात्मक वृद्धिको सम्भावना देखे एकमात्र ठूलो अर्थतन्त्र हुने प्रक्षेपण हुँदै चीन विश्वव्यापी व्यापारलाई प्रवर्द्धन गर्न र आफ्नो घरेलु बजार खोल्न प्रतिवद्ध रहेको छ। महामारीको कारणले कठिन अवस्थामा परिणत भएका संयुक्त राज्य अमेरिकासहित अन्य मुलुकका लागि लाभको अवसर सिर्जना गर्न कठिन हुनेछ।

सङ्क्रमण नियन्त्रणका लागि खोपको विकास र अनुसन्धानले एकातर्फ विश्वलाई आशावादी बनाएको छ भने अर्कोतर्फ बेलायतलगयतका विश्वका विभिन्न मुलुकमा देखिएका भनिएका नयाँ प्रकारका कोभिड-१९ का जीवाणुले विश्व समुदायलाई अनिश्चितततार्फ धकेलिरहेको सङ्केत देखिएका छन्।

यस अर्थमा, विश्वको महत्वपूर्ण उपभोक्ता बजारबाट चिनियाँ अर्थव्यवस्थालाई अलग गर्नु वाशिङ्टनमा रहेर राजनीति गर्ने केही समूहको लागि लाभ लिने अवसर त होला यसले नत अमेरिका न विश्व समुदायलाई नै फाइदा हुन्छ। आधुनिक समयमा एकता र सहकार्यका अघि विश्वका कुनै शक्तिको पनि तागत नचलेका उदाहरण हामीमाझ छन्। अहिलेको विश्व बजार खुला अर्थव्यवस्थाका कारण मौलाउन सक्छ। अमेरिकालाई विश्वको प्रमुख अर्थतन्त्र बनाउनमा खुला, स्वतन्त्र तथा प्रतिस्पर्धी अर्थनीति सहायक बनेका हुन्।

ट्रम्प प्रशासनको अवरोधलाई अमेरिकी नागरिकले नरूचाएका निर्वाचनबाट प्रष्ट भइसकेको छ। द न्युयोर्क टाइम्समा हालै सार्वजनिक रिपोर्ट अनुसार ट्रम्प प्रशासनको चिनियाँ सामानमाथि अवरोधको नीतिका बावजुद अमेरिकीको चिनियाँ सामान खरीदमा देखिएको मोहले उनीहरूको अडान प्रष्ट गरेको मान्न सकिन्छ। महामारीका समय अमेरिकी प्रतिबन्धबीच चिनियाँ फर्निचर, उपकरण र खेलौनालगायतका सामानको माग नघट्नुलाई यसैको द्योतकका रूपमा लिन सकिन्छ।

विश्वव्यापी महामारीको सामना गर्नु र संसारको कमजोर अर्थतन्त्रलाई स्थिर गर्नुको अलावा चीन र संयुक्त राज्य अमेरिकाले मानवजातिको साझा भविष्यसँग सम्बन्धित मुद्दामा सहयोगी भूमिका खेल्न सकून् भन्ने पनि विश्व समुदायले अपेक्षा गर्छ।

यस अर्थमा विश्वव्यापी चासोका दुई मुद्दा जलवायु परिवर्तनको प्रतिरोध गर्ने र आणविक अप्रसारलाई बचाउन चीन र संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को स्थायी सदस्यको रूपमा भूमिका खेलेका छन् र अझै निर्णायक भूमिका खेल्नुपर्छ।

जबसम्म दुई देशले इतिहास र मानवताको लागि उत्तरदायित्वको भावनाका साथ कार्य गर्दछन् यसले कुनै पनि दुई व्यक्तिको मौलिक हितका साथै सम्पूर्ण विश्व समुदायको हितलाई ध्यानमा राख्दै उनीहरूले सम्पूर्ण विश्वमा ठूलो योगदान दिन सक्दछन्।

दुवै पक्षको प्राथमिकतामा आपसी सम्मान र समानताका सिद्धान्तको समर्थन हुनुपर्छ र मतभेदको समाधानका लागि साझा आधार खोज्नु र दुवैको जित हुने गरी निर्णय लिन प्रतिबद्ध रहनु हो।

यसो हुन सकेमा चीन-अमेरिका कुटनीतिक सम्बन्धको विशाल जहाजलाई सही मार्गमा रहन मद्दत पुग्नेछ। यसले व्यवसायीक तथा कुटनीतिक सम्बन्धमा अवरोध गर्ने लुकेका आँधीबेहरी र छालबाट बचेर अघि बढ्न यी दुई अर्थतन्त्रलाई मद्दत गर्नेछ साथै यसबाट विशाल विश्व समुदायको हितमा फाइदा पुग्नसक्छ।

# जुकाको चुसाइ उपचार प्रभावकारी बन्दै

तनहुँ, १५ पुस (रासस)।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँमा जुकाको चुसाइ (लिचथेरापी) माध्यमबाट समेत बिरामीको उपचार गर्न थालिएको छ।

केन्द्रका प्रमुख डा रामप्रबोध मण्डल सरुवा भएर आएको केही समयपश्चात् उक्त पद्धतिबाट बिरामीको उपचार गर्न थालिएको हो। छाला, युरिक एसिड, टाउकाको रौं झरेका, अनुहारमा डण्डीफोर आएका, पुराना दाद, पायल्सलगायत केही जटिल रोगका बिरामीको उपचार निको भइसकेको कार्यालयका वरिष्ठ कविराज निरीक्षक एवं सूचना अधिकारी बलभद्र वाग्लेले बताउनुभयो।

आयुर्वेदमा 'जलौकावचारण कर्म' भनिने यो प्रक्रियाबाट तनहुँमा हालसम्म पाँचजनाको सफल उपचार भइसकेको उहाँले जानकारी दिनुभयो। जुकाले चुस्ने क्रममा निस्किने स्रावमा हिरुडिन नामक इन्जाइम छाड्छ र शरीरभित्रको दूषित रगत चुस्छ। छाला सम्बन्ध समस्या भएर औषधि सेवन गर्दा हैरान भएका नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाका अध्यक्ष ओमकार आचार्यसमेत यस माध्यमबाट उपचार गर्न थाल्नुभएको छ।

दिनमा एकपटक तीन दिन जुकालाई चुसाउँदा छालाको समस्यामा न्यूनीकरण हुँदै गएकाले निको हुनेमा आफूलाई विश्वास लागेको उहाँले बताउनुभयो। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा राम प्रबोध मण्डल गत वर्ष तनहुँमा सरुवा भएर आएको केही समयपछि भारतको मद्रासबाट पाँचवटा जुका रु तीन हजारका दरले किनेर ल्याउनुभएको हो।

लिचीथेरापी विधि नेपालमाभन्दा पनि विदेशी मुलुकमा अझ बढी मात्रामा प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो। उक्त पद्धतिबाट निको भएका रोग पुनः बल्झिने सम्भावना कम हुने हुँदा प्रभावकारी देखिएको छ। उपचार विधि प्रभावकारी बन्दै गएपनि यहाँको पानीमा बढी मात्रामा चुन मिसिएको पाइएकाले जुका मर्ने गरेकाले उपचारमा समस्या भएको उहाँले बताउनुभयो। "एउटा जुकाले बिरामीको समस्या भएको ठाउँबाट पाँचदेखि दश मिलिलिटर अशुद्ध रगत सेवन गराइन्छ", उहाँले भन्नुभयो, "एकजना बिरामीलाई बढीमा सातपटकसम्म रगत चुस्न

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# अस्ट्राजेनिकाको खोपलाई बेलायतमा अनुमति

लन्डन, १५ पुस (रासस/एएफपी)।

फाइजर र मोडर्नाको तुलनामा केही कम प्रभावकारी देखिएको अक्सफोर्ड र अस्ट्राजेनिकाद्वारा विकास गरिएको कोभिड-१९ विरुद्धको खोपलाई बेलायत सरकारले अनुमति प्रदान गरेको छ।

बेलायतमा अस्ट्राजेनिकाको खोपलाई आगामी जनवरी ४ देखि प्रयोगमा ल्याइने तयारी गरिएको छ।

यो खोपलाई सामान्य तापमानमा पनि भण्डारण र यताउता लैजान सकिने अस्ट्राजेनिकाले बताएको छ। फाइजर-बायोएनटेक तथा मोडर्नाले तयार पारेका खोपलाई भने निकै चिसो तापक्रममा भण्डार गर्नुपर्ने भएकाले ओसारपसारमा निकै कठिनाई हुने गरेको छ।

बेलायती स्वास्थ्य मन्त्री म्याट ह्यानककले जनवरीदेखि अस्ट्राजेनिकाको खोप दिन शुरु गरिने बताउनुभयो। अस्ट्राजेनिकाको खोप आम जनतालाई दिने बेलायत पहिलो मुलुक हो। बेलायतमा नयाँ स्वरुपमा कोरोनाभाइरस देखिएसँगै अस्ट्राजेनिकाको खोप चलाउन थालिएको हो।

बेलायत सरकारको स्वास्थ्य नियामक निकाय (एमएचआरए)ले अक्सफोर्ड र अस्ट्राजेनिकाले विकास गरेको खोप प्रयोगमा ल्याउन सकिने भन्दै अनुमति दिएको थियो।

एक जना स्वास्थ्य विभागका प्रवक्ताले अस्ट्राजेनिकाको खोप स्वीकृत गर्नुअघि विज्ञबाट तथ्याङ्क विश्लेषण गरिएको र सुरक्षा, गुणस्तर र प्रभावकारिता सन्तोषजनक पाइएको बताएका छन्।

आइतवार मात्र अस्ट्राजेनिकाका प्रमुख कार्यकारी पास्कल सोरिएटले खोपले अस्पतालमा उपचार गराउनुपर्ने कोभिडका बिरामीलाई शत प्रतिशत सुरक्षा प्रदान गर्ने बताउनु भएको थियो।

उहाँले आफूहरुले विकास गरेको खोपले फाइजर र मोडर्नाको झैं ९० प्रतिशतकै हाराहारीमा काम गर्ने बताउनु भएको छ। यसअघि गरिएका परीक्षणमा खोपले ७० प्रतिशतको हाराहारीमा काम गर्ने बताइएको थियो। तर पछिल्लो पटकको अध्ययनले अस्ट्राजेनिकाको खोप पनि ९० प्रतिशत प्रभावकारी देखिएको बताइएको छ।

# नाइजेरियामा सुरक्षा कारबाहीमा नौ जनाको मृत्यु

अबुजा, १५ पुस (रासस/सिन्ह्वा)।

नाइजेरियामा मंगलबार राति सुरक्षाकर्मीले यहाँको उत्तरी आबुजा शहरमा गरेको कारबाहीका क्रममा कम्तीमा पनि नौ जना अज्ञात व्यक्तिको ज्यान गएको बताइएको छ।

उनीहरु सशस्त्र समूहका व्यक्ति थिए वा को थिए भन्ने बारेमा भने केही पनि बताइएको छैन। प्रहरीले उनीहरुको कारबाहीका क्रममा ज्यान गएको बताएको छ।

यहाँका अधिकारीले आबुजा शहरमा केही समय अघिदेखि नै सशस्त्र समूहले स्थानीय नागरिकलाई दुःख दिएको बताएका थिए।

त्यसैले सो शहरमा ठूलो संख्यामा प्रहरी पनि परिचालन भएका बताइएको थियो। प्रहरी कारबाहीमा परेर सोमबार राति उनीहरु मारिएको जानकारी यहाँका अधिकारीले मंगलबार जानकारी गराएका थिए।

उक्त शहरमा रातिको समयमा बन्दुकधारी लुट्नका लागि पनि आउने गरेका थिए। उनीहरुलाई नै लक्ष्य गरेर प्रहरीले सो सुरक्षा कारबाही चलाएको थियो।

आबुजा शहर यहाँको कादुना राज्यमा पर्दछ। सो कादुना राज्यका प्रहरी प्रमुख स्यामुअल अरुवानले सो क्षेत्रमा प्रहरीले गरेको कारबाहीका क्रममा मारिएकाको पहिचानको खोजी भएको जानकारी दिनुभयो।

ती लुटेराको निकै नै आतङ्क रहेको मानिएका क्षेत्रमा एम्बुस थापेर प्रहरी बसेको थियो। सो एम्बुसलाई पनि छलेर भाग्न खोजेपछि प्रहरीले उनीहरुमाथि गोली चलाएको प्रहरी कमिसनार स्यामुअलले जानकारी दिनुभयो।

उहाँका अनुसार सो क्षेत्रमा नाइजेरियामा सशस्त्र विद्रोह गरिरहेका आतंककारी समूहका व्यक्तिको पनि बस्ती रहेकोले उनीहरुको खोजीका लागि पनि ठूलो संख्यमा प्रहरी परिचालन गर्ने गरिएको छ।

# सिङ्गापुरमा बुधबार कोभिड-१९ विरुद्धको खोप लगाइँदै

सिङ्गापुर, १५ पुस (रासस/सिन्ह्वा)।

सिङ्गापुरमा बुधबार कोभिड-१९ विरुद्धको खोप लगाउन थालिएको बताइएको छ।

बुधबार बिहानबाट सिङ्गापुरमा पनि कोभिड-१९ का विरुद्धको खोप लगाउन थालिएको बताइएको छ।

यो खोप पहिलो चरणको हो। यो पहिलो चरणको खोप सिङ्गापुरका स्वास्थ्यकर्मीलाई दिइने जानकारी गराइएको छ।

यहाँको नेसनल सेन्टर फर इन्फेक्सस् डिजिजका स्वास्थ्यकर्मीलाई दिइने बताइएको छ। सोही किसीमले तयारी भएको सिङ्गापुरको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

उक्त एनआइडिसीका कम्तीमा पनि ३० जना कर्मचारीका साथै अरु अस्पतालका नर्स, चिकित्सक, स्वास्थ्यकर्मी र उक्त केन्द्रका प्रशासनका कर्मचारीलाई पहिलो चरणमा खोप लगाइने छ।

त्यसपछि यहाँका अरु स्वास्थ्यकर्मी तथा महामारी नियन्त्रणका लागि पहिलो पंक्तिमा नै खट्नुपर्ने अवस्थाका अरु कर्मचारीलाई आगामी वर्ष अर्थात् सन् २०२१ को जनवरीमा नै लगाइने बताइएको छ।

त्यसैगरी आगामी फेब्रुअरीबाट यहाँका कम्तीमा पनि ७० वर्ष नाघेका बृद्धबृद्धालाई यो खोप दिइने जानकारी पनि यहाँको स्वास्थ्य मन्त्रालयले दिएको छ।

# वन फँडानीविरुद्ध कारवाही गर्न मुख्यमन्त्रीको निर्देशन

महोत्तरी, १५ पुस (रासस)।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले वन फँडानी गर्नेविरुद्ध कडा कारवाही गरिने प्रतिबद्धता जनाउनुभएको छ। प्रदेश २ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले मङ्गलबार महोत्तरीको बर्दिवासमा आयोजना गरेको प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठीलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले वन फँडानी गर्ने भू-माफिया र मतियारविरुद्ध कडा कारवाही गरिने प्रतिबद्धता जनाउनुभएको हो।

त्यसअघि बर्दिवासवासीले यस भेगका सामुदायिक वन राजनीतिक संरक्षणमा मासिंदै गएकाबारे मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका थिए। मुख्यमन्त्रीले भन्नुभयो,“वन फँडानी गर्ने तस्कर र तिनका मतियारविरुद्ध कडा कारवाही गर्नोस्।” वन फँडानीका घटनामा विगतमा राजनीतिक संरक्षण हुने गरेको स्वीकार्दै मुख्यमन्त्री राउतले अब दोषीलाई कारवाही गरेर छाड्ने बताउनुभयो।

महोत्तरीको बर्दिबास नगरपालिका-१ को रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा करीब चार बिघा क्षेत्रफलका ४०० भन्दा बढी रुख फाँडिएपछि जारी पुस महिनाको पहिलो सातादेखि नै यहाँ दिनहुँ सोविरुद्ध प्रदर्शन र कारवाहीको माग हुँदै आएको छ। बर्दिबास-१ का लीलामणि आचार्य र कृष्णप्रसाद गौतमले आफ्नो निजी जग्गाको रुख भन्दै सो कटानका लागि बर्दिवास-१ वडा कार्यालय, बर्दिवासस्थित मालपोत र नापी कार्यालय एवं रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समितिकै सहमति पाएपछि पुसको पहिलो सातामा रातारात वन फँडानी भएको थियो।

आचार्य र गौतमले साविक २५ नम्बर बहादुरगञ्ज-३ ‘क’ ( हाल बर्दिबास नगरपालिका-१) को कित्ता नम्बर-२ को ०१-०२-११ (एक बिघा दुई कट्ठा ११ धुर) जग्गामा आफैँले रोपी हुर्काएको रुख कटानका लागि डिभिजन वन कार्यालय महोत्तरीमा स्वीकृतिका लागि गत असोजमै निवेदन दिएका थिए। सो निवेदनको प्रक्रियामा बर्दिबास-१ वडा कार्यालय, बर्दिवासस्थित मालपोत र नापी कार्यालय एवं रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समितिले रुख काट्न मिल्ने सहमति दिएपछि डिभिजन वन कार्यालयले कटान आदेश दिएको थियो।

यसैगरी डिभिजन वन कार्यालयले गलत सूचना र टिप्पणी लेख्ने आफ्नै सातजना कर्मचारीविरुद्ध कारवाही थालेको डिभिजन प्रमुख हेमन्तप्रसाद साहले जानकारी दिनुभयो। बर्दिबासमा वर्सेनी वन क्षेत्र अतिक्रमण हुने क्रम भने बढ्दै नै गएको छ। गत वर्ष बर्दिवास-१, ३ मा पर्ने नेवारडाँडा कामीडाँडा सामुदायिक वन क्षेत्रको प्लट नम्बर पाँचभित्र करीब पाँच हेक्टर वन क्षेत्र अतिक्रमण भएको सीमाङ्कन गरिएको थियो। प्रदेश-२ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका तत्कालीन सचिव प्रेमनारायण कँडेलकै उपस्थितिमा भएको सीमाङ्कनअनुसार अतिक्रमण हटाउन डिभिजन वन कार्यालय र सम्बद्ध सामुदायिक वन उपभोक्ता समितिले कुनै तदारुखता नदेखाएको बर्दिवासबासीको गुनासो छ।

जिल्लामा जम्मा २४ हजार हेक्टर क्षेत्रफलमा वन रहेको अभिलेख र स्रेस्ता रहेपनि वर्सेनी हुने वन अतिक्रमण र त्यसको रोकथाममा देखिएको उदासीनताले अब वन क्षेत्र करीब १६ हजार हेक्टरमा खुम्चिएको छ। प्रदेश सरकारका मुख्यमन्त्रीले वन अतिक्रमणविरुद्ध कडा कारवाही गर्ने प्रतिबद्धता जनाउनु भएपछि केही हुने आश भने पलाएको बर्दिबासबासी बताउँछन्।


## वीमा लेख नं. हराएको सूचना

रुपनीदेखी कल्याणपुर सम्म जाँदै गरेको अवस्थामा २०७७ साल कात्तिक २ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०७७०७७१३ मा सम्पर्क गर्नुहोला।

**नाम : सुरतलाल साह**
**ठेगाना : कल्याणपुर ५, सप्तरी**
**वीमा लेख नं. : १०००२२८७३**


## जुकाको चुसाइ ...

लगाइन्छ।”

लिचथेरापीका माध्यमबाट एक्जिमा, सोराइसिस, एलोपेसिया (तालु खुइलिनु), हरपिज जोस्टर, भेरिकोज भेन्स, डाइबिटिज बन्ड ( मधुमेहका घाउ), हाइपरटेन्सन थ्रम्बोसिस (ब्लड क्लाउट), सेल्युलाइटिस, सियाटिका, इम्फलामेट्रिक रियाक्सन, ब्लड प्युरिफिकेशनलगायत रोगको उपचार गर्न सकिन्छ।

जुकाको र्‍यालमा एक सयभन्दा बढी यस्ता तत्व हुन्छन् जसले रगतलाई शुद्ध र पातलो बनाउने काम गर्छ। जुकाले जमेको रगत निकालेर सामान्य रक्तसञ्चार हुनसमेत सहयोग पुर्‍याउँछ। उहाँले भन्नुभयो, “तन्तु र मासु कुहिन दिँदैन, जुकाले तन्तु प्रवर्द्धनका लागि थप सहयोग गर्छ।”

गण्डकी प्रदेशस्तरीय एक कार्यक्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा लिचीथेरापी माध्यमबाट उपचार शुरु गरेकोबारे जानकारी गराउँदा आफूलाई सम्मान गरिएकाले थप हौसला मिलेको डा मण्डलले बताउनुभयो। उहाँका अनुसार जुकाले पहिलो टोकाइमा मात्र अशुद्ध रगत चुस्छ र शुद्ध रगतलाई छाड्छ। जुकाले रगत चुस्न थाल्दा बिरामीलाई केही अनौठो महसुस भए पनि दुख्न भने दुख्दैन। जुकाले अशुद्ध रगत चुस्दासम्म खासै अनुभव नभए पनि शुद्ध रगत चुस्न थालेपछि भने हल्का चिलाएको अनुभव हुन्छ, त्यसपछि जुकालाई हटाइन्छ।

एक व्यक्तिमा प्रयोग गरिएको जुका अन्य व्यक्तिमा प्रयोग गर्न मिल्दैन। उहाँले भन्नुभयो, “नियमितरूपमा थेरापी गराउनुपर्ने व्यक्तिमा प्रयोग गरिएको जुकालाई पुनः उसकै लागि प्रयोग गर्ने गरी संरक्षित गरेर राख्नुपर्छ।” एउटा जुकालाई बढीमा आधा घण्टासम्म चुस्न लगाइनेछ। बिरामीको अवस्था हेरी दुईदेखि माथि जुकाको प्रयोग गर्न सकिने डा मण्डलले बताउनुभयो।

## पत्रकारप्रति दुर्व्यहारको ...

महासंघ कडा संघर्षमा जान बाध्य हुने व्योहोरा समेत विज्ञप्ती मार्फत जानकारी गराइएको छ।

यसैबीच नेपाल फोटो पत्रकार महासंघ सप्तरी शाखाले घटनाको बिरोध गर्दै समाचार संकलनका क्रममा कर्ण र मण्डल चढेको मोटरसाइकल प्रहरीले रोकेर अवरोध पुर्‍याएको, दुर्व्यवहारयुक्त शब्द बोलेको तथा मोवाइल समेत खोस्ने प्रयास गरेको कारण प्रहरीले स्वतन्त्र प्रेसमाथी अवरोध पुर्‍याउने काम गरेको ठहर गरेको छ।

महासंघका जिल्ला अध्यक्ष मनोज कुमार मार्झीद्वारा जारि विज्ञप्तिमा लोकतन्त्रमा प्रेसको सम्मान गर्दै निर्वाद समाचार सम्प्रेसनको व्यवस्थाका लागि सम्बन्धी निकायसँग जोडदार माग गर्दै पत्रकार माथीको दुर्व्यवहार जस्तो आपत्तिजनक कार्य नरोके तथा दोषि प्रहरीमाथी कारवाही नगरिए बाध्य भई आन्दोलनमा उत्रने विज्ञप्तिमार्फत जानकारी गराएको छ।







# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*